

# अगोस्टिनोको कथा

# Agostinos historie


LIDA Italia

Billie Cejka Risnes

Anup Aryal


5

नेपाली ne / nynorsk nn



मेरो नाम अगोस्टिनो हो र म ५१ वर्षको भएँ। मेरो काम साइकल चलाएर विभिन्न ठाउँमा खाना पुर्‍याउनु हो। मेरा दुई छोरीहरू छन्, तर हामी कहिल्यै बोल्दैनौं। तिनीहरूको आमा र म अहिले सँगै बस्दैनौँ किनभने हाम्रो सम्बन्ध विच्छेद भइसकेको छ।

• • •

Eg heiter Agostino og eg er 51 år. Jobben min er å levere mat på sykkel. Eg har to døtrer, men vi snakkar nesten ikkje saman. Mora deira og eg bur ikkje lenger saman fordi vi er skilde.



म मेरी आमासँग बस्छु, किनकि म सम्बन्ध विच्छेद पछि एक्लै घर भाडा तिर्न सक्दिन। यो शहरमा भाडा धेरै महँगो छ।

• • •

Eg bur med mora mi sidan eg ikkje kan betale husleiga etter skilsmissa. Husleiga er veldig dyr i denne byen.



केही महिनाअघि म एउटा कम्पनीमा चौकीदारको रूपमा काम गरिरहेको थिएँ। मैले भाँचिएका सामानहरू मर्मत गरेँ, बाकसहरू बोकेँ, र कसैलाई आवश्यक पर्दा मद्दत गरेँ। एक दिन कम्पनीले मलाई निकाल्यो। मैले कारण भने बुझिन।

. . .

For nokre månader sidan jobba eg som vaktmeister for eit firma. Eg reparerte ting som var øydelagt, bar esker og hjelpte til når nokon trong det. Ein dag fekk eg sparken frå firmaet. Eg skjønte ikkje kvifor.



मैले धेरै मानिसहरूलाई साइकलबाट खाना पुर्याउदै गरेको देखें। म साइकल चलाउन सक्छु, त्यसैले मैले ठुलो डेलिभरी कम्पनीको ढोका ढकढक्याएँ। तिनीहरूले मलाई प्रत्येक डेलिभरीको लागि तीन युरो प्रस्ताव गरे। म प्रति दिन ४० युरो कमाउँछु, ६० युरो यदि म धेरै भाग्यशाली भएँ र ग्राहकहरूले मलाई टिपि दिए भने।

• • •

Eg såg mange personar som leverte mat på sykkel. Eg kan òg sykle, så eg banka på døra til eit stort bodfirma. Dei tilbydde meg tre euro for kvar levering. Eg tener 40€ om dagen, 60€ viss eg er veldig heldig og kundane gir meg tips.



मैले न कुनै तलबी बिदा, न कुनै बिरामी खर्च, शायद नै कुनै अधिकार पाएँ। मलाई यो ठीक त लाग्दैन तर मलाई जागिर चाहिएको छ। अन्य अधिकांश कर्मचारीहरू विश्वभरका आप्रवासीहरू हुन्।

. . .

Eg får ingen betalt ferie, ingen sjukepengar, nesten ingen rettar i det heile. Eg trur ikkje det skal vere sånn, men eg treng ein jobb. Dei fleste andre tilsette er innvandrarar som kjem frå heile verda.



यो ढुवानीको काम गर्ने धेरै मान्छेहरू दिनहुँ दुर्घटनामा पर्छन् र घाइते हुन्छन्। त्यसपछि, जब एक २५ वर्षीय ढुवानीकर्ताको एक कारले ठक्कर दिएर मृत्यु भयो, तब मात्र अधिकारीहरूको हामीप्रति ध्यानाकर्षण भयो। उसको मृत्यु पछि मात्र हामीप्रति ध्यान दिनु लज्जास्पद कुरा हो।

• • •

Mange sykkelbod blir skadde i ulykker dagleg. Så, då eit 25 år gammalt sykkelbod vart påkøyrd av ein bil og døydde, byrja myndigheitene å legge merke til oss. Det er synd at nokon måtte døy for at det skulle skje.



अन्य कम्पनीहरूका कर्मचारीहरूसँग मिलेर मैले स्थानीय युनियनबाट कामदारहरूको अधिकारको ज्ञान लिएँ। उनीहरूले हामीलाई निःशुल्क कानुनी सल्लाह दिए। हामीले थप मान्यता र अधिकार प्राप्त गर्न सङ्घर्ष गर्यौं।

• • •

Saman med sykkelbod frå andre firma tok eg eit kurs om rettane til arbeidstakarar hjå ei lokal fagforeining. Dei tilbydde oss gratis juridisk rådgiving. Vi kjempa for å få meir anerkjenning og rettar.



लामो समयपछि हाम्रो सबै मिहिनैतले सार्थकता पाएको छ। एउटा ठुलो डेलिभरी कम्पनीले भारी जरिवाना तिर्नुपरेको थियो र कामदारहरूलाई स्थायी जागिर दिनुपरेको थियो। यो संसारमा कतै भएको पहिलो पटक थियो। स्थितिमा सुधार हुन थालेको जस्तो लाग्यो।

. . .

Etter ei lang stund fekk det harde arbeidet vårt resultat. Eit stort bodfirma måtte betale ei stor bot og tilsette arbeidarar i faste stillingar. Det var første gong det skjedde nokon stad i verda. Det ser ut til at ting byrjar å bli betre.

# LIDA Stories

lidastories.net

## अगोस्टिनोको कथा

## Agostinos historie


LIDA Italia
Billie Cejka Risnes
Anup Aryal (ne), Espen Stranger-Johannessen (nn)


CC BY